जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११८ पृष्ठः ४ | २०८२ भदौ १० गते मंगलबार (Tuesday 26 Aug. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## मधेशमा तस्करी : एक सयभन्दा बढी घुमुवा र बदनाम प्रहरी जिम्मेवारीमुक्त

सिरहा, ९ भदौ। मधेश प्रदेशमा प्रहरी प्रशासनकै मिलेमतोमा तस्करी धन्दा चल्दै आएको विषय सार्वजनिक हुन थालेपछि एक सयभन्दा बढी प्रहरी कारबाहीमा परेका छन्। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले ती प्रहरीलाई जिम्मेवारीमुक्त गरेको हो। मधेशका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार, जिम्मेवारी खोसिनेमा प्रदेशका आठै जिल्लामा कार्यरत १ सय १३ जना प्रहरी छन्। जसमा सादा पोसाकमा काम गर्ने घुमुवा तथा गैरव्यावसायिक गतिविधिमा संलग्न विभिन्न दर्जाका प्रहरी कर्मचारी छन्।

उनीहरूलाई कार्यरत रहेको ठाउँबाट अन्यत्र सरुवा गरी पठाइएको डीआईजी चतुर्वेदीले जानकारी दिए। गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीको पहिचान गर्ने र त्यहाँबाट अन्यत्र पठाउने काम अझै जारी रहेको उनले बताए। हामीले अहिले जिम्मेवारीबाट कम्तीमा एक १३ जनाभन्दा बढीलाई हटाएका छौं, अन्यको पनि पहिचान गर्ने काम भइरहेको छ, डीआईजी चतुर्वेदीले कान्तिपुरसित भने, 'संगठनमाथि आँच पुऱ्याउनेहरूप्रति हामी निर्मम भएर जान्छौं।

सीमानाकामा तस्करी नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, भन्सार कार्यालयलगायतका कर्मचारी खटिएका हुन्छन्। यसका अलावा सुरक्षा निकायले सीमामा घुमुवाक पनि परिचालन गरेको हुन्छ। तर, घुमुवाहरूको तस्करी गर्नेहरूसँगै हिमचिम हुने र उनीहरूको काम तस्करी नियन्त्रण नभई लाइन मिलाउने तथा असुली गर्ने रहेको आरोप सुरक्षा निकायमाथि लाग्दै आएको छ।

## विपन्न सादा परिवारलाई खाद्यान्न सहयोग

**रामनारायण ठाकुर**



सिरहा, ९ भदौ। सिरहा मल्हनिया पिराडी सेवा समाज, दोहा कतारको पहलमा मिर्चैयाका दलित परिवारलाई खाद्य सामाग्री राहत स्वरुप प्रदान गरेका छन्। मिर्चैया नगरपालिका ०२, मल्हनियाँ पोखरी नजिकै बसोबास गर्दै आएका ५४ वर्षीय विपतीया सादालाई राहत सामग्री प्रदान गरेका हुन्। सिरहा मल्हनियाँ पिराडी सेवा समाज दोहा कतारका अध्यक्ष पाण्डव ठाकुरको अगुवाइमा १ क्विन्टल चामल, १० केजी दाल, १५ केजी आलु, ७ लिटर खाने तेल, ५ केजी नुन, २ केजी मसौरा, २ केजी प्याज लगायत अत्यावश्यक खाद्यान्न सामाग्री उपलब्ध गराएको छ। सादा अति विपन्न र पीडित अवस्थाका व्यक्ति

**–बाँकी तीन पेजमा**

## प्रहरी र राष्ट्रिय अनुसन्धानलाई पिकअप भ्यान र मोटरसाइकल हस्तान्तरण

जनकपुर, ९ भदौ। मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले मधेश प्रदेशको सुरक्षा व्यवस्था कायम गर्नमा सहयोग पुग्ने दृष्टिकोणले मधेश प्रदेशका सुरक्षा निकायलाई सवारीसाधन हस्तान्तरण गरिएको छ। मन्त्रालयले नेपाल प्रहरी मधेश प्रदेश कार्यालयलाई २१ थान मोटरसाइकल, एक थान पिकअप भ्यान र राष्ट्रिय अनुसन्धानलाई दुईथान कार र दुई थान पिकअप भ्यान हस्तान्तरण गरेको हो।




सोमबार मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा आयोजना गरिएको एक कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले नेपाल प्रहरीका मधेश प्रदेश कार्यालय प्रमुख एवम् डिआइजी उमाप्रसाद चुतुर्वेदीलाई आर्थिक वर्ष २०८१–८२ मा खरिद गरिएको सो मोटरसाइकाल र पिकअप भ्यानका कागजात र साँचो हस्तान्तरण गर्नुभयो। कार्यक्रममा मन्त्री लेखीले राष्ट्रिय अनुसन्धानका धनुषा, महोतरी, रौतहट र सप्तरीको कार्यालय प्रमुखहरुलाई समेत भ्यान र कारको साँचो हस्तान्तरण गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री लेखीले प्रदेशको आफनो प्रहरी प्रशासन नभए पनि प्रदेशका नागरिकको सुरक्षा प्रदान गराउने विषयमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

स्रोत साधनका बावजुद पनि आ नो मन्त्रालयले नागरिकको हितमा काम गर्ने गरेको बताउनुभयो। उहाँले सुरक्षा निकायलाई सेवा प्रभाव गर्नमा सहजताका लागि प्रदेश सरकारले २१ थान मोटरसाइकल र पाँच थान गाडी हस्तान्तरण गरिएको भन्दै यसले नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानलाई कामकाज गर्नमा सहजता हुने बताउनुभयो। उहाँले आफू कष्टमा रहेर पनि नागरिकको सुरक्षा गर्ने प्रहरीका लागि चालु आर्थिक वर्षमा गाडी खरिदका लागि बजेट बिनियोजन गरिएको बताउनुभयो। उहाँले समाजको सबै क्षेत्र र सबै अङ्ग जिम्मेवार बन्न सके मात्रै सभ्य समाजको निर्माण हुने भएकाले यस कार्यमा हामी सबै लाग्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमलप्रसाद बरालले मधेश प्रदेशमा नागरिकलाई सेवा प्रदान गर्ने कार्यमा सहजताका लागि प्रहरी प्रशासनलाई प्रदेश सरकारले यसप्रकारको सहयोग गरेको बताउनुभयो। कार्यक्रममा नेपाल प्रहरी मधेश प्रदेश कार्यालयका प्रमुख एवम डिआइजी उमाप्रसाद चतुर्वेदीले आम नागरिकको सुरक्षा प्रदान गर्ने कार्यमा नेपाल प्रहरीसँग अझै पनि साधन स्रोतको अभाव रहेको बेला प्रदेश सरकारबाट भएको यस प्रकारको सहयोगले अपराध नियन्त्रणमा ससहज हुने बताउनुभयो। कार्यक्रममा मन्त्रालयका उच्चपदस्थ कर्मचारी, उच्चपदस्थ सुरक्षा अधिकारीको उपस्थिति थियो।




## प्राथमिक उपचार

**उद्देश्यः**

- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु,
- अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था बिग्रन नदिनु।

**कस्तो अवस्थामा के गर्नेः**

- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा श्वासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स, थर्मोमिटर, कैंची तथा अन्य आधारभूत ओषधिहरु घरमा राखौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## जनतालाई आह्वान गर्नुको साटो आशान्वित बनाऊ

नेपालको संविधानको घोषणा भएको एक दशक भएको अवसरमा असोज २, ३ र ४ गते ३ दिन उत्सवका रूपमा मनाउन सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा मूल समारोह' समिति गठन गर्नुका साथै जनसाधारणलाई पनि आह्वान गरेको छ। संविधान सभाबाट पारित नेपालको संविधान २०७२ असोज ३ गते सार्वजनिक गरिएको थियो। सरकारले उत्साह देखाउनु स्वाभाविकै हो। यो कसैले निगाह गरेर 'बक्सेको' संविधान होइन। निर्वाचित प्रतिनिधिले नेपाली जनताको सार्वभौम अधिकार प्रयोग गरेर पारित गरेका हुन्। यसैले लोकतन्त्रमा विश्वास गर्ने सबै नेपालीका लागि यो संविधान गर्व र गौरवको विषय हो।

यद्यपि, संविधान पारित गर्दा निर्णायक भूमिका रहेको दाबी गर्ने नेताहरू नै त्यस यता सत्तामा रहिआएका भए पनि यसको पालनमा भने निर्माणमा जति गम्भीर देखिएनन्। विडम्बना, निर्माण गर्नेहरूले नै पटकपटक संविधान मिचेका छन्। धन्न, सर्वोच्च अदालतले संविधानको संरक्षण गरेको छ। उत्सव मनाउने तयारी गरिरहेकै सरकारमाथि सर्वोच्च अदालतमा 'वैधता'को प्रश्न उठेको छ। सरकारमा सहभागी नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिएपछि संविधानको धारा १०० को उपधारा (२) अनुसार प्रधानमन्त्रीले विश्वासको मत नलिएको भन्दै परेको रिटमा सर्वोच्च अदालतले कारण देखाउ आदेश जारी गरेर वैधताको प्रश्न उठाएको हो।

सरकारसँग प्रतिनिधि सभामा सुविधाजनक बहुमत भएकाले विश्वासको मत लिनुनपर्ने तर्क सरकार पक्षले गरेको छ। तर, संविधानको धारा १०० को उपधारा (२) मा भने 'प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आ नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्नु पर्नेछ' भन्ने लेखिएको छ।

संविधानको धारा १०० को उपधारा (१) मा प्रधानमन्त्रीले उपयुक्त ठानेमा आफूमाथि प्रतिनिधि सभाको विश्वास रहेको देखाउन विश्वासको मत लिने प्रस्ताव राख्न 'सक्नेछ' भन्ने उल्लेख भएको छ। उपधारा (२) मा 'पर्नेछ' लेखिएको छ। यसैबाट पनि स्पष्ट हुन्छ उपधारा (२) बाध्यात्मक व्यवस्था हो। अदालतले आदेश दिनुभन्दा पहिले नै प्रधानमन्त्रीले विश्वासको मत लिए संविधानको सम्मान हुनेछ।

यस्तै, संविधानको मर्मविपरीत हुनेगरी पारित 'संवैधानिक परिषद्'सम्बन्धी विधेयक राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाएका छन्। संविधानिक परिषद्मा प्रधानमन्त्रीको एकल निर्णय पनि वैध हुने कानुनी बाटो बनाउन विधेयकमा संविधानको मर्म र भावनाको उपेक्षा गरिएको थियो। यी त प्रतिनिधि उदाहरण हुन्। सरकारले संविधान मिचेका उदाहरणको सूची लामै हुन्छ। संविधानको मर्यादा नराख्ने तर त्यसैका नाममा उत्सव मनाउने निर्णय प्रकारान्तरले पाखण्ड देखिन पुगेको छ। सरकारले नै यसरी संविधान मिच्दा संविधान विरोधीहरू त झन् उत्साहित हुने नै भए। यस्तो अवस्थामा जनतामा पनि संविधान नै खराब पो हो कि भन्ने भ्रम उत्पन्न हुनसक्छ। संविधानप्रति जनताको आस्था जोगाउन शक्तिशालीहरूले पनि स्वेच्छाले यसको पालन गर्नुपर्छ।

संसद्का दुई ठूला दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर सरकार बनाउने बेला गरेको ७ बुँदे सहमतिमा अरू बुँदाका अतिरिक्त ' ...संविधान प्रारम्भ भएपश्चात अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदअनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' पनि उल्लेख गरिएको थियो। विडम्बना, सरकारले यो सहमति नै बिर्सेजस्तो देखिएको छ।

संविधान उत्सव औपचारिकतामा सीमित नरहोस् भन्ने चाहने हो जनतामा उतसाह जगाउने केही ठोस काम गर्नुपर्छ। पहिलो त, विश्वासको मत लिएर स्पष्ट बहुमत भए पनि संविधानको अक्षरशः पालन गर्न सरकार प्रतिबद्ध रहेको सिद्ध गर्नु उपयुक्त हुनेछ। सरकारले विज्ञहरूको टोली बनाएर संविधान संशोधनको प्रारम्भिक काम सुरु गर्नुपर्छ। जनतामा कांग्रेस र एमालेका नेता बोलेअनुसार गर्न प्रतिबद्ध छ भन्ने भान त परोस् !

# प्रेस स्वतन्त्रताको घेराबन्दी : कानुनी संशोधन, सरकारी हस्तक्षेप र पत्रकारिताको भविष्य

**डा. डक्टप्रसाद घिताल**

नेपालको लोकतान्त्रिक यात्रामा प्रेस स्वतन्त्रता सधैँ आधारशिला बनेको छ। यसले मुलुकका आन्दोलन, विद्रोह, संक्रमण र पुनर्जागरणमा अग्रणी भूमिका खेलेको इतिहास बोकेको छ। २०४६ सालको जनआन्दोलनदेखि २०६२/६३ सालको दोस्रो जनआन्दोलनसम्म पत्रकारिता केवल समाचार लेख्ने माध्यम रहेनन्न यो प्रतिरोधको हतियार बन्यो। कलम, क्यामेरा र माइकलाई हतियार बनाउँदै पत्रकारले लोकतन्त्रको बाटो खोल्न योगदान गरेका थिए।

विडम्बना के छ भने लोकतन्त्र स्थापित भएपछि पनि प्रेस स्वतन्त्रता स्वतः सुरक्षित भएन। बरु नयाँ–नयाँ चुनौती उत्पन्न भए। सरकारको नियामक सोच, संसद्मा दर्ता गरिएका सञ्चार विधेयक, प्रशासनिक नियन्त्रणको अभ्यास, पत्रकारमाथि हुने शारीरिक तथा मानसिक हिंसा— यी सबैले प्रमाणित गर्छन् कि प्रेस अझै पनि पूर्ण स्वतन्त्र छैन।

हालै नेपाल पत्रकार महासंघ र प्रेस सेन्टर नेपालले जारी गरेका विज्ञप्तिले यही वास्तविकतालाई उजागर गरेका छन्। सरकारले ल्याउन लागेको सञ्चार विधेयक, अनलाइन दर्ता र नवीकरणको प्रावधान, पत्रकारहरूको सुरक्षासम्बन्धी चुनौती र संघीय संरचनामा देखिएका अस्पष्टता— यी सबै विषय अहिलेको विवादको केन्द्रमा छन्। यस आलेखमा यी पक्षलाई गहिराइमा विश्लेषण गर्दै नेपालमा प्रेस स्वतन्त्रताको वर्तमान अवस्था, कानुनी संशोधनका सम्भावित असर, अन्तर्राष्ट्रिय सन्दर्भ र भविष्यका सम्भावित उपायबारे विस्तृत चर्चा गरिन्छ।

नेपालमा प्रेस स्वतन्त्रताको संघर्ष लामो र कठिन छ। राणाकालमा प्रेस स्वतन्त्रताको कल्पना नै गर्न सकिँदैनथ्यो। छापा खाने केही प्रकाशन भए पनि ती सबै कठोर सेन्सरमा थिए। २००७ सालको प्रजातन्त्रपछि केही स्वतन्त्र पत्रिका निस्के तर त्यो स्वतन्त्रता लामो टिकेन। २०१७ सालको पञ्चायती व्यवस्थाले पुनः प्रेसलाई नियन्त्रणमा राख्यो।

पञ्चायत कालमा पत्रकारिता सरकारको प्रचारमुखी उपकरणमा सीमित थियो। स्वतन्त्र रूपमा बोल्न खोज्नेहरूले जेल, यातना वा निर्वासन सहनुपर्‍यो। २०४६ सालको बहुदलीय व्यवस्थापछि मात्रै संविधानले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्‍यो। यस अवधिमा स्वतंत्र मिडियाको उल्लेखनीय विकास भयो।

२०५८ सालमा राजतन्त्रको पुनः सक्रियतासँगै आपतकाल, सेन्सरसिप र कडा नियन्त्रण पुनः लागु गरियो। २०६२/६३ सालको दोस्रो जनआन्दोलनपछि भने नयाँ संविधानमार्फत पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिएको छ आज पनि सरकार र सत्तारूढ दलहरूले प्रेसलाई नियन्त्रण गर्ने पुरानो सोच छाड्न सकेका छैनन्। यही ऐतिहासिक पृष्ठभूमिले अहिले देखिएको विवादलाई अझै गहिरो बनाइदिएको छ।

### प्रेस संगठनहरूको चेतावनी र वास्तविकता

नेपाल पत्रकार महासंघ र प्रेस सेन्टर नेपालले हालै जारी गरेका विज्ञप्तिमा अहिलेको सङ्कटलाई स्पष्ट रूपमा देखाइएको छ। उनीहरूले सरकारको विधेयक र प्रावधानलाई प्रेस स्वतन्त्रताको 'घेराबन्दी' भनेका छन्। अनलाइन सञ्चारमाध्यमलाई प्रशासनमार्फत दर्ता र नवीकरण गर्नुपर्ने प्रावधानले स्वतन्त्र आवाजलाई बन्द गर्ने खतरा बढाएको छ।

साथै सञ्चार ऐनमा गरिएका संशोधन प्रस्तावले आलोचनात्मक समाचार वा सरकारविरुद्धका रिपोर्टलाई 'विवादास्पद' वा 'राष्ट्रिय हितविरुद्ध' भन्दै रोक्ने सम्भावना छ। यसले पत्रकारिताको मूल आत्मालाई नै कमजोर बनाउनेछ। पत्रकारहरूको शारीरिक तथा मानसिक सुरक्षाको अभाव अझै गम्भीर समस्या बनेको छ। रिपोर्टिङका क्रममा धम्की, हिरासत र हिंसा भोग्नुपर्ने अवस्था छ।

प्रदेश सरकारहरूले संघीयताका नाममा अलग–अलग कानुन ल्याउन थालेका छन् तर यी कानुन प्रायः संघीय कानुनसँग मेल खाने खालका छैनन्। यसले पत्रकारलाई दोहोरो नियमन र अनावश्यक झन्झटमा फसाउने खतरा बढाएको छ।

### कानुनी संशोधन र सम्भावित असर

नेपालमा हालै दर्ता गरिएका विधेयकले अनलाइन समाचार पोर्टलहरूको दर्ता र नवीकरणलाई प्रशासनसँग जोड्ने व्यवस्था गर्न खोजेका छन्। नेपालमा हाल करिब चार हजारभन्दा बढी अनलाइन समाचार पोर्टल दर्ता भएका छन्। तीमध्ये धेरैजसो साना समूह वा व्यक्तिहरूले सञ्चालन गरेका छन्। उनीहरूले स्थानीय मुद्दा र नागरिक पत्रकारितामा योगदान पुर्‍याएका छन् तर सबैलाई प्रशासनमार्फत नवीकरण गर्न बाध्य पारियो भने स्वतन्त्र आवाज दबिने सम्भावना बढ्छ।

सञ्चार ऐनमा प्रस्तावित संशोधनले समाचारलाई नियन्त्रण गर्ने अधिकार मन्त्रालय वा प्रशासनलाई दिने संकेत देखिन्छ। 'विवादास्पद' वा 'राष्ट्रिय हितविरुद्ध' समाचारलाई रोक्न सकिने व्यवस्था ल्याइए पत्रकारिताले आलोचनात्मक दृष्टिकोण गुमाउनेछ। यो स्थिति आत्मसेन्सरसिप बढाउने हो। पत्रकारले समाचार लेख्नुअघि राज्यको प्रतिक्रिया बारे डर मान्नुपर्ने अवस्था सिर्जना हुनेछ।

### पत्रकारहरूको सुरक्षा संकट

नेपालमा पत्रकारहरूको सुरक्षा कहिल्यै सुनिश्चित हुन सकेको छैन। प्रहरी नियन्त्रणमा रिपोर्टिङ गर्ने पत्रकारमाथि बल प्रयोग गरिने, राजनीतिक नेताहरू वा शक्तिशाली व्यक्तिहरूले समाचार हटाउन दबाब दिने, महिला पत्रकारहरूलाई सामाजिक सञ्जालमार्फत चरित्रहत्या गर्नेजस्ता घटनाह बढिरहेका छन्। नेपाल पत्रकार महासंघले बारम्बार पत्रकारहरूको सुरक्षा प्रत्याभूत गर्न माग गरे पनि ठोस नीति बनेको छैन। परिणामस्वरूप पत्रकारिता पेसा जोखिमपूर्ण हुँदै गएको छ। पत्रकारहरूले आ नो पेसागत जिम्मेवारी पूरा गर्दा जीवनरक्षा नै चुनौती बन्नु लोकतान्त्रिक समाजका लागि दुर्भाग्यपूर्ण अवस्था हो।

### संघीय संरचना र प्रेस स्वतन्त्रता

संविधानले संघीयता ल्याए पनि सञ्चार नीतिमा अझै स्पष्टता छैन। संघीय, प्रदेश र स्थानीय तिनै तहका सरकारले आ नै ढङ्गले सञ्चारसम्बन्धी नियम ल्याउन खोज्दा दोहोरो नियमनको समस्या बढेको छ। उदाहरणका लागि बागमती प्रदेशले ल्याउन खोजेको कानुन संघीय कानुनसँग मेल नखाने खालको छ। यसले पत्रकारलाई अझ बढी प्रशासनिक झन्झटमा पार्नेछ। संघीय संरचनामा सञ्चारको नीति कसरी समन्वय गर्ने भन्ने स्पष्ट मार्गदर्शन अभावमा पत्रकारहरू अझै अनिश्चिततामा परेका छन्।

### अन्तर्राष्ट्रिय दृष्टिकोण

'रिपोर्टर्स विदआउट बोडर्स'को २०२४ को प्रेस स्वतन्त्रता सूचकाङ्कमा नेपालको स्थान ८० भन्दा तल छ। यसले नेपालमा प्रेस अझै पनि पूर्ण स्वतन्त्र नभएको देखाउँछ। सरकारले नियन्त्रणकारी ऐनहरू ल्यायो भने नेपालको स्थिति अझ तल झर्नेछ। अन्तर्राष्ट्रिय दातृ निकाय र मानव अधिकार संस्थाहरूले यसबारे आलोचना गर्नेछन्। यसले नेपालको लोकतान्त्रिक छवि कमजोर पार्नेछ। भारत र पाकिस्तानमा पत्रकारमाथि नियन्त्रण र हिंसा बढेको उदाहरण नेपालले देखेको छ। नेपालले पनि यदि त्यही बाटो पछ्यायो भने लोकतन्त्रको मूल्य हराउने खतरा छ।

### सम्भावित समाधान

नेपालमा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न कानुनी सुधार अपरिहार्य छ। सञ्चार ऐनलाई संविधान अनुकूल बनाउनुपर्छ। प्रेस स्वतन्त्रतालाई कानुनमार्फत सीमित गर्ने अभ्यास अस्वीकार्य छ। अनलाइन दर्ता, नवीकरण र विज्ञापन व्यवस्थापनका लागि स्वतन्त्र आयोगको स्थापना आवश्यक छ। यसलाई सरकार वा प्रशासनको हातमा दिन मिल्दैन। पत्रकारहरूको सुरक्षा ग्यारेन्टी गर्न विशेष नीति ल्याउनुपर्छ। प्रहरीलाई पत्रकारमैत्री तालिम दिनु जरुरी छ र हिंसा गर्नेहरूमाथि कडा कारबाही हुनुपर्छ। महिला पत्रकारहरूको सुरक्षाका लागि छुट्टै व्यवस्था गर्नुपर्छ। साथै सरकार र पत्रकार सङ्गठनबिच नियमित संवाद आवश्यक छ।

कानुन बनाउनुअघि पत्रकार संघ वा सङ्गठनसँग परामर्श अनिवार्य हुनुपर्छ। नागरिकले पनि बुझ्नुपर्छ— प्रेस स्वतन्त्रता पत्रकारहरूको मात्र होइन, उनीहरूको पनि अधिकार हो। निष्पक्ष सूचना नागरिकको आधारभूत अधिकार हो भन्ने सचेतना फैलाउनुपर्छ।

### निष्कर्ष

नेपालमा प्रेस स्वतन्त्रता अहिले कानुनी र प्रशासनिक घेराबन्दीमा परेको छ। सरकारद्वारा ल्याइएका सञ्चार विधेयक, अनलाइन दर्ता, नवीकरणको प्रक्रिया र पत्रकारहरूको सुरक्षा अभावले लोकतन्त्रको मेरुदण्ड कमजोर बनाइरहेको छ। नेपाल पत्रकार महासंघ र प्रेस सेन्टर नेपालका विज्ञप्ति केवल संगठनका माग होइनन्, लोकतन्त्रको बचाउका आवाज हुन्।

सरकारले यी चेतावनीलाई बेवास्ता गर्‍यो भने पत्रकारहरूको शान्तिपूर्ण आन्दोलन अपरिहार्य हुनेछ। यसले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा लाजमर्दो स्थितिमा पुर्‍याउनेछ। त्यसैले अहिलेको आवश्यकता भनेको संविधानले दिएको प्रेस स्वतन्त्रतालाई पूर्ण सुरक्षा दिनु, नियन्त्रणकारी प्रावधानलाई सच्याउनु, पत्रकारहरूको पेशागत र शारीरिक सुरक्षामा ग्यारेन्टी दिनु र लोकतन्त्रलाई मजबुत बनाउने मार्गमा अघि बढ्नु हो। लोकतन्त्रविना स्वतन्त्र प्रेस हुँदैन र स्वतन्त्र प्रेसविना लोकतन्त्र अस्तित्वमै रहँदैन।

*विपन्न सादा ...*

रहेको स्थानीयले बताए। पाँच सन्तानका बाबु सादा लामो समयदेखि आर्थिक अभाव, स्वास्थ्य समस्याले पीडित छन्।

बुढेशकालका सहारा एक मात्र छोरा ३५ वर्षीय अशोक सादा शारीरिक रूपमा अपाङ्ग छन्। दुई छोरीहरूको विवाह भइसकेको छ भने एक छोरीको अझै विवाह गर्न बाँकी छ। कान्छी छोरी भने अझै सानै उमेरकी छिन्। पाँच वर्ष अघि उनकी श्रीमती ५० वर्षीया रामकुमारी सादा प्यारालाईसीस (लक्वा) रोगबाट ग्रसित भइ पूर्ण रूपमा अशक्त छन्। हाल उनी अर्धचेत अवस्थामा घरमै उपचार र हेरचाहमा रहेको सदायले बताए।

'दुई छाक टार्नै मुस्किल छ, औषधि ल्याउने कि बालबच्चा पाल्ने, दिनहुँको यही पीडा छ। सादाले गला अवरुद्ध पार्दै भने। राहत वितरण कार्यक्रम सादा परिवारको घरमै सानो समारोहका बीच सम्पन्न भएको थियो। कार्यक्रममा समाजका संस्थापक तथा पूर्व अध्यक्ष शिवशंकर कापर, पूर्व अध्यक्ष राजकुमार कापर साथै समाजका दोहा कतारका अन्य सदस्यहरूको उपस्थिति रहेको थियो। 'सेवा नै धर्म हो भन्ने मूल नाराका साथ, समाजले आगामी दिनहरूमा पनि यस्ता सहयोग कार्यक्रमहरू प्रवासी नेपालीहरूको सहकार्यमा निरन्तर सञ्चालन गर्दै लैजाने बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# गोलबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८२/०५/०९**

यस नगरपालिकाबाट मिति २०८२।०५।०२ गते प्रकाशित पोखरी ठेक्का सम्बन्धी दरभाउपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता भई खोलिएका शिलबन्दी बोलपत्रहरु यस नगरपालिकाको मिति २०८२।०५।०९ गतेको मुल्याङ्कन समितिबाट सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का विवरण | ठेक्का विवरण र ठेगाना | कबोल अंक रु. (मूल्य अभिवृद्धि कर बाहेक) | स्वीकृत व्यक्ति/ फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | पोखरी ठेक्का | विष्ट घर निरको पोखरी, सि.नं. ५, गो.न.पा.-८ | रु.१,१८,०००/- (अक्षरेपी एक लाख अन्ठानब्बे हजार) | कल्पना कुमारी महतो, गोलबजार-७ |
| २. | पोखरी ठेक्का | गिट्टीवालाको पोखरी, सि.नं. ६, गो.न.पा.-८ | रु. २,५४,१५१/- (अक्षरेपी दुई लाख चौबन्न हजार एक सय एकाउन्न ) | अनिल कुमार महतो, गोलबजार-७ |
| ३. | पोखरी ठेक्का | मुसहरवा खोला सिंचाई बाँध, सि.नं. ७, गो.न.पा.-९ | रु. ६,१००/- (अक्षरेपी छ हजार एक सय) | कुमारी देवी महतो, गोलबजार-९ |
| ४. | पोखरी ठेक्का | मरखाला निरको खाता पोखरी, सि.नं. ८, गो.न.पा.-९ | रु. ६,०००/- (अक्षरेपी छ हजार) | कुमारी देवी महतो, गोलबजार-९ |

**प्रमुख प्रशासकीय अधिकृत**

# शिक्षाका लागि बाहिरियो १ खर्ब ३८ अर्ब रुपैयाँ



काठमाण्डौं, ९ भदौ। देशभित्र उच्च शिक्षाका लागि विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्था सञ्चालनमा रहेको भए पनि ठूलो मात्रामा धनराशी विदेशिने गरेको छ। नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको गएको आर्थिक वर्ष २०८१/८२ को विवरणअनुसार शिक्षाका लागि मात्रै एक खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ विदेशिएको छ ।

अघिल्लो वर्ष शैक्षिक गतिविधिका लागि एक खर्ब २५ अर्ब १३ करोड रुपैयाँ रकम विदेशिएको थियो। केन्द्रीय बैङ्कका अनुसार सेवा खाता अन्तर्गत भ्रमण व्यय १८ दशमलव १ प्रतिशतले वृद्धि भइ दुई खर्ब २३ अर्ब ७२ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्ष भ्रमण व्यय एक खर्ब ८९ अर्ब ४३ करोड रुपैयाँ रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा खुद सेवा आय ९० अर्ब ९४ करोड रुपैयाँले घाटामा रहेको छ। अघिल्लो वर्ष खुद सेवा आय ५५ अर्ब ८६ करोड रुपैयाँले घाटामा थियो। सेवा खाताअन्तर्गत समिक्षा वर्षमा भ्रमण आयत ७.७ प्रतिशतले बढेर ८८ अर्ब ६६ रुपैयाँ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आय ८२ अर्ब ३३ करोड रुपैयाँ थियो।

# लहान मुटु अस्पताल : कम शुल्कमा गुणस्तरीय सेवा

सिरहा, ९ भदौ। लहान नगरपालिका- ४ मा निर्माणाधीन मुटु अस्पतालले सेवा विस्तार गर्दै आधुनिक प्रयोगशाला सञ्चालनमा ल्याएको छ। करिब ६ महिनाअघि अस्पतालले बहिरङ्ग (ओपीडी) सेवा प्रारम्भ गरेको थियो। अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहका अनुसार मुटु सम्बन्धी सम्पूर्ण परीक्षण प्रयोगशालामा न्यूनतम शुल्कमा सुरुआत गरिएको छ। काठमाडौंको शहीद गङ्गालाल अस्पतालमा एक हजार पाँच सय रुपैयाँ पर्ने 'इको' परीक्षण यहाँ केवल हजार रुपैयाँमै गरिने छ। त्यस्तै अन्य शुल्क पनि न्यूनतम रहेको छ।

हालसम्म दुई हजार तीन सयभन्दा बढी बिरामीहरूले सेवा लिइसकेका छन् भने दैनिक १० जनाभन्दा बढी बिरामी आउने गरेको अस्पतालले जनाएको छ। अस्पतालले नाफा नभइ सेवा लक्षित मोडेलमा काम गरिरहेको छ। 'नाफारहित अस्पताल बन्ने भएकाले यहाँका नागरिकले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने विश्वास लिएका छौँ,' अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहले बताए।

अहिले दुई भवनमा ओपीडी सेवा चलिरहेको छ, जुन लहान नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक ११ बिघा जग्गामा निर्माण गरिएको हो। डा. साहका अनुसार, सो जग्गामै आगामी दिनमा पूर्ण पाँच सय शय्याको अस्पताल निर्माण हुने योजना छ, जसको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ। अस्पताल प्रशासनले आगामी एक वर्षभित्र २५ शय्याको 'आईसीयू' (सघन उपचार कक्ष) र 'सिटी स्क्यान' सहितको सेवा सुरु गर्ने तयारी गरिरहेको छ। 'कार्डियो र डाइबेटिक सेन्टर'को रूपमा विस्तार हुँदै गरेको यो अस्पतालले स्थानीयहरूलाई अब धरान, विराटनगर वा काठमाडौं जानु नपर्ने विश्वास दिलाएको छ।

यो अस्पताल नेपाल हृदय रोग निवारण संघ अन्तर्गत सञ्चालनमा ल्याइएको हो। स का कार्यकारी अध्यक्ष डा. बालकृष्ण ओग्र्यान लहानमै जन्मिएर हाल जर्मनीमा वरिष्ठ मुटुरोग विशेषज्ञका रूपमा कार्यरत छन्। उनकै पहलमा 'नेपाल मेड ई भि' र 'रोटरी क्लब कटबस' जस्ता दुई जर्मन गैरसरकारी संस्थाबाट करिब दुई अर्ब बराबरको आर्थिक सहयोगमा अस्पतालको निर्माण प्रक्रिया अघि बढाइएको हो।

'यस प्रकारको अस्पतालको अवधारणा डा. बालकृष्ण ओग्र्यानका कारण सम्भव भएको हो,' डा. सञ्जयप्रसाद साहले भने, 'जो यही लहानको भूमिमा जन्मिएर मुटुरोग विशेषज्ञको रूपमा हाल जर्मनीमा कार्यरत रहेका छन्।' अस्पतालका निर्देशक डा. साहका अनुसार, आगामी अक्टोबरमा डा. ओग्र्यानसहित जर्मनिमा कार्यरत मुटु विशेषज्ञहरूको टोली नेपाल आउने र अस्पतालको प्रगति निरीक्षण गर्नुका साथै प्राविधिक सल्लाह दिनेछ।

अस्पतालको प्रशासन तथा वित्त शाखा प्रमुख रिना चौधरीका अनुसार विभिन्न स संस्था र दाताहरूसँग समन्वयको प्रक्रिया जारी रहेको छ। जनप्रतिनिधिहरूको ध्यानाकर्षण गराउँदै उनले अस्पतालसम्मको सडक पूर्वाधार सुधार आवश्यक रहेको बताए। यति न्यूनतम शुल्कमा गुणस्तरीय सेवा दिइदै आएको भए पनि प्रचारप्रसारको अभाव रहेको उल्लेख गर्दै, स्थानीयको साथ, सहयोग र विश्वासले नै अस्पतालको भविष्य उज्ज्वल बनाउने उनले विश्वास व्यक्त गरे।

लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्द्र मात्र नभइ, स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ। कम शुल्क, गुणस्तरीय सेवा, अन्तरराष्ट्रिय सहयोग र दीर्घकालीन लक्ष्यले यो अस्पताललाई मधेस प्रदेशकै उत्कृष्ट स्वास्थ्य संस्था बनाउने स्पष्ट संकेत देखिन्छ। लहानको यो मुटु अस्पताल केवल स्वास्थ्य सेवा केन्ऽ मात्र नभइ, स्थानीय विकासको एक गौरवपूर्ण आयोजना बन्दै गएको छ।

# दुर्घटनामा आश्रय गुमाएका परिवारलाई नगरको सहारा



सिरहा, भदौ ९ गते। यहाँको लहान नगरपालिका-२३ गढियाका लखन रामको नौ दिनअघि भएको सवारी दुर्घटनामा ज्यान गएको थियो। मसला मिलमा ज्यालामजदुरी गरी जीविकोपार्जन गर्दै आउनुभएका रामको असामयिक निधनले उहाँको परिवार विचल्लीमा परेको छ। घरका मुख्य सहारा गुमेपछि परिवार भोक, चिन्ता र अन्योलमा परेको छ।

यो दुःखद् घडीमा लहान नगर प्रमुख महेशप्रसाद चौधरीले आज मृतकको घर पुगेर परिवारलाई खाद्यान्न सहयोग गर्नुभएको छ। उहाँले एक क्विन्टल चामल, पाँच किलो दाल, पाँच किलो नुन, तीन लिटर खानेतेल, चना, मटर, सोयाबिनलगायत खाद्यसामग्री हस्तान्तरण गर्दै पीडित परिवारप्रति सहानुभूति प्रकट गर्नुभयो। खाद्यसामग्री हस्तान्तरणपछि नगर प्रमुख चौधरीले भन्नुभयो, "हामीले नगरका दलित, मुसहर तथा विपन्न परिवारमा कसैको मृत्यु भएमा राहत सामग्री वितरण गर्ने नीतिअनुरुप खाद्यसामग्री प्रदान गरेका हौं। यसले मृत्युपछि गरिने कार्यमा सहयोग पुग्ने छ। थोरै भए पनि यस दुःखद् घडीमा परिवारलाई राहत पुगेको अनुभूति गरेको छौँ।"

आगामी दिनमा उक्त परिवारको फुसको छानो हटाएर जस्तापाता राखिदिने प्रतिबद्धता जनाउँदै नगर प्रमुख चौधरीले मृत्युपछिको क्रियाकर्ममा बढी खर्च नगर्न पनि आग्रह गर्नुभयो। लखन रामका दुई छोरा र एक छोरी छन्। उहाँका जेठा छोरा कासीकुमार रामले भन्नुभयो, "बुबाकै भरमा बाँचेका थियौँ। अब कसरी परिवार चलाउने भन्ने चिन्ता छ। हामीसँग पर्याप्त जग्गाजमिन पनि छैन, त्यसैले मजदुरी हाम्रो विकल्प हो।" उहाँले नगरपालिकाले गरेको यो मानवीय सहयोगले तत्काललाई राहत दिएको बताउनुभयो। नगर प्रमुखको प्रतिबद्धताले भविष्यप्रति आशा जगाएको मृतक रामका छोरा पेसनकुमार रामले बताउनुभयो।

# उखु किसानहरूले माइतीघरमा धर्ना दिए

काठमाडौं, ९ भदौ। गएको आर्थिक वर्षको उखुको अनुदान भुक्तानी माग गर्दै हिजोदेखि आन्दोलन शुरू गरेका उखु किसानहरूले आज पनि माइतीघरमा धर्ना दिएका छन्। उखु उत्पादक महासंघ, उखु उत्पादक कृषक समिति लगायतले गरिरहेको आन्दोलनमा गएको आर्थिक वर्षको उखुको बक्यौता अनुदान रकम भुक्तानी र यस वर्षदेखि पनि प्रतिक्विन्टल ७० रुपैयाँका दरले नै भुक्तानी गर्नुपर्ने माग राखेका छन्।

उखुका लाँक्रासहित प्रदर्शन गरिरहेका किसानहरूले एकतर्फी मूल्य स्वीकार छैन, उखु कृषक शोषण बन्द गर, उखु अनुदान भुक्तानी गर, मूल्य निर्धारणमा कृषकलाई सहभागी गरलगायतका प्लेकार्ड प्रदर्शन गरेका छन्।



# जेठानी–देवरानीबिच कुटपिट हुँदा पाँच महिनाको गर्भ खेर

राजविराज, ९ भदौ। सप्तरीको खडक नगरपालिका–७ स्थित कल्याणपुरमा बाटोमा ईँटा राख्ने विवादले दुई महिलाबिच झगडा र कुटपिट हुँदा एक महिलाको पाँच महिनाको गर्भ खेर गएको छ। भदौ ४ गते बिहीबार बिहान १० बजे ४० वर्षीया जिबछी देवी साह र उहाँका देवरानी ३५ वर्षीया ललिता देवी साहबिच बाटोमा ईँटा राख्ने विषयलाई लिएर झगडा भएको थियो। झगडा बढ्दै जाँदा कुटपिटसम्म पुगेको र सो क्रममा गर्भवती रहेकी ललिताको पेटमा चोट लागेर उहाँको गर्भ खेर गएको हो।

कुटपिटबाट ललिता साहको पेटमा चोट लागि घाइते भएको र तत्काल अवस्था सामान्य रहेकाले घरमा नै बसेको तर एक्कासि पेट दुःखी बिरमी भएर उपचारका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल ल्याइएकोमा आइतबार पाँच महिनाको गर्भ खेर गएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिनुभयो। "उपचारका क्रममा चिकित्सकले उनको गर्भपतन भएको पुष्टि गरेका छन्" बस्नेतले भन्नुभयो। कुटपिटका आरोपी जिबछी देवी साह फरार रहेको र उनको खोजतलास जारी रहेको र घटनाबारे जानकारी पाएपछि इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# सरकारी विद्यालयका बालबालिका कम्प्युटर तालिम

**देवराम यादव**

सप्तरी, ९ भदौ। सप्तरीका तीन वटा सरकारी प्राथमिक विद्यालयका बालबालिका कम्प्युटर तालिम लिँदै आएको छ। सामुदायिक प्राथमिक विद्यालयमा कम्प्युटर सिकाई अभियानअन्तर्गत कञ्चनरूप नगरपालिकाका राष्ट्रिय प्राथमिक विद्यालय, पिपरा, भगवती आधारभूत प्राथमिक विद्यालय, कञ्चनपुर र वीरेन्द्र केशरी खेमराज प्राथमिक विद्यालय, धरमपुर गरी तीन वटा सरकारी विद्यालयका बालबालिकाले कम्प्युटर तालिम लिँदै आएका हुन्।

भगवती आधारभूत प्राथमिक विद्यालय, कञ्चनपुरमा कम्प्युटर तालिम नगर प्रमुख ललन प्रसाद गुप्ताको प्रमुख आतिथ्यमा सुरू गरिएको थियो भने राष्ट्रिय प्राथमिक विद्यालय, पिपरामा आयोजित बालबालिकालाई कम्प्युटर तालिम कार्यक्रम दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। यसैगरी, वीरेन्द्र केशरी खेमराज प्राथमिक विद्यालय, धरमपुरमा सो तालिमको सुरूवात कञ्चनरूप नगरपालिका–१२ का वडाध्यक्ष देबी बहादुर खत्रीको प्रमुख आतिथ्यमा भएको थियो।

गुणस्तरमा अत्यन्तै पछि परेका सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई सानै उमेरदेखि कम्प्युटरको शीप सिकाउन अभियान आरम्भ गरिएको जानकारी आयोजकहरूले दिएका छन्। रूपनगर नन्दराज संग्रौला क्याम्पस, एक्मी इन्जिनियरिङ कलेज, काठमाडौँ र दलित सरोकार मञ्चको सहकार्यमा यो अभियान थालिएको हो। तालिमका लागि कम्प्युटर एक्मी इन्जिनियरिङ कलेजले उपलब्ध गराएको छ भने कम्प्युटर र अंग्रेजी सिकाउने शिक्षक दलित सरोकार मञ्चले व्यवस्था गरेको छ।

हालै तीन वटा विद्यालय प्रत्येकलाई दुई वटाका दरले हस्तान्तरण गरिएको कम्प्युटरमा यी विद्यालयका बालिबालिका सिक्न थालेका हुन्। अभियान अन्तर्गत् छनौट गरिएका सरकारी प्राथमिक विद्यालयका शिक्षक र शिक्षिकाहरूलाई समेत आधारभूत कम्प्यूटर तालिम भईरहेको जानकारी रूपनगर क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले दिनु भयो। एक्मी इन्जिनियरिङ कलेजका प्रिन्सिपल प्राध्यापक इन्जिनियर प्रदीप कुमार पौड्यालका अनुसार रूपनगर क्याम्पसले छनौट गरिएका विद्यालयका १४ जना शिक्षकरशिक्षिकालाई दुई महिने आधारभूत कम्प्यूटर तालिम निशुल्क दिइराखेको छ प्रमाणपत्र समेत उपलब्ध गराइने यो तालिम रूपनगर नन्दराज संग्रौला क्याम्पसको कम्प्यूटर प्रयोगशालामा एक महिनादेखि चल्दै आएको छ।

यस अभियानमा राम्रो प्रगति भयो भने आगामी दिनमा यसलाई अझ विस्तार गर्न सकिने दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले बताउनु भयो। एक्मी इन्जिनियरिङ कलेजले दिएको कम्प्यूटर र दलित सरोकार मञ्चले उपलब्ध गराएको शिक्षकबाट सञ्चालन भईरहेको यस नवीन शिक्षा अभियानको निरन्तर अनुगमन तथा मूल्याङ्कन रूपनगर क्याम्पसले गरिने जनाएको छ। अनुगमन तथा मूल्याङ्कनका लागि क्याम्पस प्रमुख प्राध्यापक गजुरेलको नेतृत्वमा तीन सदस्यीय समिति निर्माण गरिएको छ।



# राजमार्ग विस्तार पुनः सुरु

जनकपुर, ९ भदौ। वर्षाका कारण करिब तीन साता रोकिएको पूर्वपश्चिम राजमार्ग विस्तार सुचारु भएको छ। सर्लाही, महोत्तरी र धनुषामा पूर्वपश्चिम राजमार्ग विस्तार गर्न सुचारु भएको हो। सर्लाहीको फूलजोर र महोत्तरीको माईस्थानमा कलभर्ट निर्माणका लागि प्राविधिक र मजदुर परिचालन हुन थालेका छन्। राजमार्ग विस्तार अन्तर्गत अहिले 'साइट क्लियर भएको स्थानमा एक्साभेटर लगाएर सम्याउने, माटो भर्ने र यसअघि लच्का (कजवे) रहेको ठाउँमा कलभर्ट निर्माण गर्ने काम भइरहेको कमला–ढल्केबर–पथलैया सडक योजना पूर्वी खण्डका आयोजना प्रमुख छविलाल पौडेलले जानकारी दिनुभयो। गत वर्ष पुस १७ गतेदेखि कमला–पथलैया खण्डअन्तर्गत तीन वटा जिल्लामा सडक विस्तार भइरहेको छ।

सन् २०२७ सम्ममा चार लेनको सडक निर्माण गर्ने उद्देश्य भए पनि रौतहट र बारा खण्डको सडक निर्माणका लागि ठेक्का लाग्न सकेको छैन। केही साताअघि बाराको निजगढमा पर्ने बकैया खोलाको पुल निर्माणका लागि ठेक्का लागे पनि रौतहट र बारा जिल्लाको सडक बनाउन ठेक्का आह्वान हुन बाँकी रहेको आयोजना प्रमुख पौडेलले बताउनुभयो। कमला नदीदेखि पथलैयासम्म १३० किलोमिटर सडक चार लेनको बन्ने छ। सडकको दायाँबायाँका रुख व्यवस्थापनका लागि स्वीकृति आएको भनिए पनि रुख कटान अगाडि बढ्न सकेको छैन।

वन तथा भू-संरक्षण विभागले गएको असार २३ गते स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजना बमोजिम ३१ हजार ५२९ वटा रुख हटाउन महोत्तरीको गौरीडाँडास्थित कमला–ढल्केबर–पथलैया सडक आयोजनालाई पत्राचार गरेको छ। आयोजनाले रुख कटानका लागि लामो समयदेखि प्रयास गर्दै आएको छ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत पूर्वी खण्डको विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपियाँ ऋण सहयोगमा विस्तारको काम चलिरहेको हो। एसियाली मापदण्ड अनुसार सहरी तथा बजार क्षेत्रमा सडकलाई छ लेनसहित ३१ मिटर फराकिलो पार्ने र त्यसबाहेकका ठाउँमा 'मेडियन सहित १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नतिको कामका लागि ठेक्का सम्झौता भएको छ। सडक विस्तारका लागि धनुषा र सिराहाको सीमा कमला पुलदेखि धनुषाको बढहरीसम्म इकेके इन्फ्रास्ट्रकचर लिमिटेड इन्डियाले तथा दोस्रो र तेस्रोमा पर्ने धनुषाको बढहरीदेखि सर्लाहीको फूलजोर र फूलजोरदेखि सर्लाही र रौतहटको सीमा बागमती पुलसम्मको खण्डमा चाइनिज कम्पनी एसडब्ल्यु इजे र रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरले काम गरिरहेका छन्।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)